त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

मिति: २०८०।०८।२६

## बि.ई./बि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुनः आवेदन (दोस्रो चरण) सम्बन्धि सूचना ।

शैक्षिक वर्ष २०८०/०८१ मा यस क्याम्पसको B.E./B.Arch. तहका केही कार्यक्रमहरुमा निम्न बमोजिम स्थान रिक्त रहन गएकोले ती स्थानहरुमा भर्ना हुन चाहने आवेदकहरुले प्राथमिकता सहितको पुनः आवेदन फाराम भर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

- पुनः आवदेन २०८० मंसीर २८ गते बिहान १०:०० बजे देखि २०८० मंसीर २९ गते अपरान्ह ३:०० बजे सम्म यस क्याम्पसको भर्नाको Web site: pcampus.edu.np मा उपलब्ध Online आवेदन फाराम भरी गर्न सकिनेछ।
- फाराम भर्दा प्रति विषय रु.५००।- का दरले शुल्क लाग्नेछ। कुनै पनि विषयको नियमित (Regular) र पूर्णशुल्किय (Full Fee) दुबै कार्यक्रममा भर्ना हुन आवेदन दिएमा सो लाई दुई विषय मानिनेछ।
- आवेदकले आफूले राख्ने प्राथमिकता अनुसारको शुल्क पहिले नै बैंकमा दाखिला गर्नु पर्नेछ। उल्लेखित शुल्क सिद्धार्थ बैक लिमिटेड पाटनढोका शाखामा रहेको यस क्याम्पसको खाता नं. ००९१५०१९२०३ मा जम्मा गरी प्राप्त भएको भौचर लिनुपर्नेछ।
- बैंक भाउचर भर्दा २०८०/०८/०६ मा प्रकाशित सुचनामा सलग्न नमूना अनुसार Deposited by मा आवेदकको पुरा नाम र साल बाहेकको IOE Entrance Exam को Roll No. प्रष्ट सँग लेख्नु पर्नेछ। जस्तैः कुनै आवेदकको IOE Entrance Exam को Roll No. 2080-16026 भएमा बैंक भाउचरमा Roll No. लेख्दा 16026 मात्र लेख्नु पर्नेछ।
- आर्किटेक्चर कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुका लागि उपरोक्त शुल्कमा झुकाव परीक्षा (Aptitude Test) बापत थप रु. ५००।- लाग्नेछ।
- इन्जिनियरिङ्ग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षा २०८० मा सम्मिलित भई उत्तीर्ण भएकाहरु मध्येबाट निम्न बमोजिम आवेदकहरुले पुनः आवेदन दिन सक्नेछन्।
  क) यस क्याम्पसमा फाराम भर्न छुट भएकाहरु।
  ख) यस क्याम्पसमा भर्ना हुन यस अघि Online फाराम भरि नाम प्रकाशित नभएकाहरु।
  ग) कुनै पनि सूचिमा नाम प्रकाशित भइ भर्ना हुन छुट भएकाहरु।
  घ) कुनै पनि कार्यक्रममा भर्ना भइसकेका र प्राथमिकता परिवर्तन गर्न चाहनेहरु।
- हाल रिक्त सिट संख्या

| सि.नं. | कार्यक्रम | खुल्ला | महिला | रिक्त सिट संख्या |
|---|---|---|---|---|
| १. | Civil Engineering Regular (1) | १ | - | १ |
| २. | Civil Engineering Full Fee (2) | ४ | - | ४ |
| ३. | Architecture Regular (3) | १ | - | १ |
| ४. | Electrical Engineering Regular (5) | २ | - | २ |
| ५. | Electrical Engineering Full Fee (6) | ५ | - | ५ |
| ६. | Mechanical Engineering Regular (9) | २ | - | २ |
| ७. | Mechanical Engineering Full Fee (10) | २ | - | २ |
| ८. | Aerospace Engineering Full Fee (28) | ३ | - | ३ |
| ९. | Chemical Engineering Full Fee (30) | १० | - | १० |
| | Total | ३० | - | ३० |

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर
Pulchowk, Lalitpur

**हाल सम्म उपरोक्त बमोजिम रिक्त स्थान भएतापनि सूची प्रकाशन पूर्व भर्ना रद्द भई थप स्थान रिक्त रहन गएमा सो रिक्त स्थान समेत संलग्न गरि सूची प्रकाशन गरिनेछ।**

- भर्ना भइसकेका आवेदकहरुले समेत अर्को कार्यक्रमका लागि आवेदन दिन सक्ने भएकोले कुनै कार्यक्रममा भर्ना भइसकेका आवेदकको नाम नयाँ रिक्त स्थानमा प्रकाशित भएमा निज भर्ना भएको कार्यक्रममा स्थान रिक्त हुन सक्नेछ। **तसर्थ आफूलाई इच्छा लागेका सबै कार्यक्रमहरुमा प्राथमिकता राख्न सूचित गरिन्छ।**
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार चौथो सूची प्रकाशन गरी भर्ना गरिनेछ र त्यसपछि समेत स्थान रिक्त रहन गएमा पाँचौं सूची प्रकाशन गरिनेछ।

भर्ना कार्यक्रम निम्न अनुसार कायम गरिएको छ।

| कार्यक्रम | मिति र समय |
|---|---|
| १. भर्नाका लागि आवेदन फाराम (Online Application Form) भर्ने | २०८० मंसीर २८ गते विहान १०:०० बजे देखि २०८० मंसिर २९ गते अपरान्ह ३:०० बजेसम्म |
| २. आवेदकहरुको नामावली प्रकाशन | २०८० पुस ०१ गते विहान १०:०० बजे |
| ३. प्राथमिकतामा थपघट वा संशोधन | २०८० पुस ०१ गते विहान १०:०० बजे देखि १२:०० बजेसम्म |
| ४. आवेदकहरुको अन्तिम नामावली प्रकाशन | २०८० पुस ०१ गते साँझ ५:०० बजे |
| ५. आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | २०८० पुस ०२ गते विहान ०८:०० बजे |
| ६. आर्किटेक्चर झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | २०८० पुस ०२ गते साँझ ५:०० बजे |
| ७. चौथो सूची प्रकाशन | २०८० पुस ०३ गते विहान १०:०० बजे |
| ८. चौथो सूची उपर दावि विरोध | २०८० पुस ०३ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| ९. संशोधित चौथो सूची प्रकाशन | २०८० पुस ०३ गते साँझ ५:०० बजे |
| १०. चौथो सूचीको भर्ना | २०८० पुस ०४ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| ११. पाँचौ सूची प्रकाशन | २०८० पुस ०५ गते विहान १०:०० बजे |
| १२. पाँचौ सूची उपर दावि विरोध | २०८० पुस ०५ गते विहान ११:०० बजे देखि अपरान्ह २:०० बजेसम्म |
| १३. संशोधित पाँचौ सूची प्रकाशन | २०८० पुस ०५ गते साँझ ५:०० बजे |
| १४. पाँचौ सूचीको भर्ना | २०८० पुस ०६ गते विहान ११:०० बजेदेखि अपरान्ह ३:०० बजेसम्म |
| १५. रिक्त सिटहरुको लागि सूचना प्रकाशन | २०८० पुस ०८ गते |

- आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षामा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुनः सम्मिलित हुनु पर्न छैन।
- उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

नि. अध्यक्ष

भर्ना समिति २०८०